राक्सिराङका शिशुमा धनुष्टंकार रोग भेटियो। पृष्ठ ४ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१४, ● अंक-५२ ● २०७९ असार २७ गते सोमबार, ● 11 July 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## दलित समुदायका विद्यार्थीलाई छात्रवृत्ती र जीविकोपार्जन सुधार कार्यक्रम



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका सामाजिक विकास शाखाको आयोजनामा २९ जना विद्यार्थीलाई छात्रवृत्ति तथा १२ जडाका २३ जना दलित समहुदायका व्यक्तिलाई जिविकोपार्जनका लागि सहयोग वितरण गरेको छ ।

पालिकाको दलित लक्षित कार्यक्रम अन्तर्गत थाहा नगरपालिका भित्रका दलितहरूलाइ दलित विद्यार्थी उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति तथा बिपन्न दलित जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत सहयोग रकम वितरण गरिएको सामाजिक विकास शाखा प्रमुख अनिल लामिछानेले जानकारी दिए ।

छात्रवृत्ति अन्तर्गत ९ जनालाई स्नातक तह तथा २० जनालाई दश जोड दुई अध्ययन गर्न र जीविकोपार्जन तर्फ पशुपालन तथा कृषि व्यवसाय गर्न सहयोग रकम उपलब्ध गराइएको शाखा प्रमुख अलामिछानेले जानकारी दिए । नगरपालिकाबाट उच्च तह अध्यन गर्ने दलित विद्यार्थी सहितको पहिलो भेला आयोजना भएकोमा सहभागीले खुशी ब्यक्त गर्दै अब लोकसेवा आयोग तयारी कक्षा, एड्भान्स कम्प्युटर लगायतका दलित विद्यार्थी लक्षित कार्यक्रमहरू नगरपालिकाले ल्याउनुपर्ने माग राखेका थिए ।

थाहा नगरपालिकाका सामाजिक विकास समितिका संयोजक दिनेश बलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सामाजिक समितिका सदस्यहरू पबित्रा ठकुरी, जनक कामी, कार्यपालिका सदस्य राम दर्जी, राम प्रसाद विक, तथा १२ वटै वडाका दलित महिला सदस्यहरूको उपस्थिती रहेको थियो।

सो अवसरमा आगामी वर्षबाट दलित कार्यक्रम कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल समेत भएको छ । अब पालिकाले योजना वद्ध रूपमा दलित समुदायको शिक्षा, सीप विकास लगायतको विषयमा केन्द्रित योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको थियो ।

## 'थाहामा योजना अनुगमन: वडालाई, उपप्रमुखको अधिकार

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकाले सम्पन्न गरेका योजनाहरूको अनुगमन अब वडाबाटै हुने भएको छ । स्थानीय तह कार्यानवयनसंगै वि.सं. २०७४ सालबाटै थाहा नगरपालिकाका उपप्रमुखले अनुगमन सम्बन्धी कार्य गर्दै आएकोमा पालिकाले २० असारमा सबै वडा कार्यालयहरूलाई परिपत्र गदै वडाबाट अनुगमन सम्बन्धी काम गर्न भनिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा १६ (ख) मा उप्रमुखको काम कर्तव्य र अधिकार उल्लेख गरिएको छ । उक्त दफा १६ (ख) ५ मा 'योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने' व्यवस्था छ ।

थाहा नगरपालिकाले वडालाई गरिएको परिपत्रमा उपप्रमुखको अनुगमन गर्ने अधिकार वडास्तरीय अनुगमन समितिलाई प्रत्यायोजन गरिएको उल्लेख गरिएको छ । वडास्तरीय अनुगमन समितिले वडामा संचालन भएको १० लाखसम्मको योजना अनुगमन गरी प्रतिवेदन पेश गर्ने र १० लाख माथिको योजना उपप्रमुखको संयोजकत्वमा रहेको नगरस्तरीय अनुगमन समितिले गर्ने भनिएको छ ।




पालिकाले वडास्तरीय अनुगमन समितिको ढाँचा पनि परिपत्रमा लेखी पठाएको छ । पत्रानुसार अनुगमन समितिको संयोजक सम्बन्धीत वडाको वडाध्यक्ष हुने, एक महिलासहित २ जना वडा सदस्य, वडाको प्राविधिक सदस्य र वडा सचिव अनुगमन समितिको सदस्य सचिव हुनेछन् । समितिका यि पदका व्यक्तिहरू भनेको वडास्तरीय योजना कार्यान्वयनमा समेत सक्रिय हुने व्यक्ति हुन् ।

वडास्तरीय योजना तथा कार्यात्रम तर्जुमा र अनुगमन गर्ने अधिकार वडा समितिलाई हुने स्थानीय सरकार सञ्चालन ऐनको दफा १२ मै उल्लेख गरिएको छ । त्यसोतः ऐनको दफा १८ मा नगर प्रमुख तथा उपप्रमुखले आफ्नो अधिकार आफू अन्तर्गतका समिति, उपसमिति, प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सकिने व्यवस्था छ ।


थाहा नगरपालिकाले यसअघि योजना सम्पन्न भएपछि अनुगमन नहुन्जेलसम्म उपभोक्ता समितिले योजना सम्झौताको १० प्रतिशत रकम पाउन्थेनन् । र, अनुगमन भएपछि मात्र उक्त रकम पाउने व्यवस्था गरिएको थियो । यहि कार्यलाई सह जगर्नका लागि यो प्रक्रिया अपनाइएको बुझिएको छ ।

## सम्पदा पुर्ननिर्माण: पाण्डुकेश्वर झिलिक्क, तामाको छाना टिलिक्क

◆ विकास संवाददाता

हिन्दु धर्म शास्त्रअनुसार ६४ ज्योतिर्लिङ्गमध्ये एक मानिने मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ स्थित पाण्डुकेश्वर मन्दिर अहिले झिलिक्क देखिएको छ । मन्दिरको छाना तामाले टिलिक्क छ ।

वि.सं. २०७२ साल १२ बैशाखको विनासकारी भूकम्पले क्षतिग्रस्त भएपछि मन्दिर पुनर्निर्माण गरिएको हो । पुरातत्व विभागको १ करोड १७ लाख ९२ हजार रूपियाँको लागतमा मन्दिर पुनर्निर्माण



भएको हो भने विभागकै ३२ लाख सहयोगमा तामाको छाना राखिएको हो । मन्दिरको प्राङ्गणमा १५ लाख बराबरको ढुङ्गा बिछ्याएर प्रदेश सरकारले चिटिक्क पारिदिएको छ भने स्थानीय विकास साझेदारी कार्यक्रम (साँसद विकास कोष) को १० लाखबाट रंग-रोगनसहित घेराबार गरिएको छ । त्यसैगरी थाहा नगरपालिकाले करिब ३ लाख लगानी गरी आकर्षकद्वार निर्माण गरिदिएको छ ।

पाण्डुकेश्वर मन्दिर पाण्डुक ऋषिले स्थापना गरेको विश्वास गरिन्छ । पाण्डुक ऋषिले शिवको आराधना तपस्या गर्दा सिद्ध प्राप्त गरेको र शिब ज्योतिस्वरूपमा प्रकट भएको विश्वास छ ।

## मनहरी गाउँपालिकाको 'नारा' नै फेरियो

◆ विकास संवाददाता

मकवानपुर मनहरी गाउँपालीकाको मूल नारा फेरिएको छ । ९ असारमा बसेको कार्यपालिका वैठकले गाउँपालीकाको नारा फेर्ने निर्णय गरेको हो ।

यस अघि २०७४ सालमा निर्वाचित जनप्रतिनीधीले 'कृषि, पर्यटन, वन वातावरण र व्यापार ,मनहरी समृद्धिको मुल आधारु भन्ने नारा राखेका थिए । तर हालै मात्र वैशाख ३० गते नवनिर्वाचित जनप्रतिनीधीले कार्यपालीका मार्फत उक्त नारा फेरेर 'शिक्षा, स्वास्थ्य, कृषि र पुर्वाधार, समृद्ध मनहरीको आधारु भन्ने नारा तय गर्ने निर्णय गरेको हो ।

कार्यपालीकाको बहुमतले सो नारा तय गरिएको अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए । उनले भने-'हामीले पर्यटन, वन वातावरण र व्यापारलाई हटाउन खोजेका होइनौँ, तर प्राथमिकताको आधारमा शिक्षा र स्वास्थ्यलाई राखीनुपर्ने भएकाले पहिलेको नारा फेरेका हौँ' उनले थपे, स्लोगन छोटो-मिठो सुहाउने भएकाले हामीले अन्य कुरा समेटेनौँ, यद्यपी हामी स्वच्छ वातावरण निर्माण, वन संरक्षण लगायत पर्यटकीय हव निर्माणको विषयमा गम्भीर छौँ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००

# • सम्पादकीय •

## स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रमको औचित्य

राज्यको पहिलो उद्देश्य नै नागरिकको हित गर्ने हुन्छ र हुनुपर्छ । नेपालमा पनि सोही सिद्धान्तबाट निर्देशित हुँदै विभिन्न कल्याणकारी काम हुँदै आएका छन् । सामाजिक सुरक्षाका लागि विभिन्न शीर्षकको नाममा यस्ता कार्यक्रमको संख्या बढ्दो छ । हुँदाहुँदै लोकप्रियताका लागि पनि सरकारले बेलाबेला एकसे एक कार्यक्रम शुरू गर्ने लहर चलेको छ । यसैमध्येको एउटा हो : प्रधानमन्त्री रोजगार कार्यक्रम । बेरोजगारलाई लक्षित गरी ल्याइएको उक्त कार्यक्रम सरसर्ती हेर्दा राम्रो देखिन्छ, किनकि बेरोजगारको अभिभावकत्व राज्यले लिन खोजेको छ । जो बेरोजगार छन्, उनीहरूलाई गुजाराका लागि राज्यले न्यूनतम काम दिने व्यवस्था उक्त कार्यक्रममा गरिएको छ । आर्थिक वर्ष (आव) २०७५/७६ देखि शुरू गरिएको उक्त कार्यक्रमबाट हालसम्म ४ लाख ५८ हजारले न्यूनतम रोजगारी पाएका छन् । आगामी आव २ लाखलाई रोजगारी सृजना गर्न ७ अर्ब ५ करोड रुपैयाँ विनियोजन गरिएको छ । यसरी बेरोजगारलाई रोजगारी प्रदान गर्न हरेक वर्ष ठूलो रकम राज्यले खर्च गरिरहेको छ । कुनै काम नगरी विभिन्न शीर्षकको नामबाट भत्ता वितरण गर्नुभन्दा निर्माणसम्बन्धी विभिन्न कार्यको मर्मत वा नयाँ निर्माणकै लागि बजेट खर्चनु गलत होइन । जुन अभ्यासले काम गरेपछि मात्र पैसा पाइन्छ भन्ने सोचको विकास गरेको पाइन्छ ।

तर, प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य यतिमा मात्र सीमित हुनु हुँदैन । नेपालजस्तो मुलुकका लागि वर्षेनि बेरोजगारलाई यसरी पैसा वितरण गरेर साध्य हुँदैन । यस्तो अभ्यासले कहिलेसम्म बेरोजगारलाई पैसा दिइरहने ? औद्योगिकीकरणको विकास हुन नसकेको मुलुकमा तत्काल बेरोजगारी समस्या समाधान हुने सम्भावना पनि छैन । चालू आवको जेठ मसान्तसम्मकै कुरा गर्ने हो भने ७ लाख ८ हजार बेरोजगार गाउँगाउँमा स्थापना गरिएका रोजगार केन्द्रमा सूचीकृत हुँदा १ लाख २३ हजार ९९३ जनाले मात्र रोजगारी पाउन सकेका छन् । त्यसैले नेपालका लागि बेरोजगारलाई जुन सोचले रोजगारी दिन खोजिएको छ, यो बिल्कुलै गलत छ । यसलाई नसुधारेसम्म न बेरोजगारको कल्याण हुन्छ न त राज्यले आर्थिक भार नै थेग्न सक्ने सम्भावना देखिन्छ । अहिलेको आवश्यकता राज्यले यस्तो रकम उत्पादनमूलक उद्योग स्थापना गर्न सहयोग गर्ने र त्यस्ता उद्योगमा नै रोजगारी दिने व्यवस्था मिलाउनुपर्ने देखिन्छ । त्यस्ता उत्पादनमूलक उद्योगमा रोजगारी दिने व्यवस्था मिलाउँदा स्वदेशी उत्पादनको वृद्धि भई विदेशबाट आयात हुने सामानमा त कमी आउँछ नै साथै त्यस्तो कार्यले बेरोजगारहरूको भविष्य पनि सुरक्षित हुन्छ । सरकारले तिनै बेरोजगारलाई यस्ता उत्पादनमूलक क्षेत्रमा काम लगाउन सक्छ । तत्काललाई उत्पादनमूलक उद्योगमा थोरै बेरोजगारले काम पाउन सक्छन्, जसका कारण विरोधको आवाज पनि चर्को हुन सक्छ । तर, सधैं लोकप्रिय वा सहजता खोजेर त अर्थतन्त्र उँभो लाग्नेवाला छैन । कसै न कसैले आँट, मेहनत गर्नैपर्ने हुन्छ । यसो गर्दा एकातिर देशमा औद्योगिकीकरणको विकासमा मद्दत पुगेर अर्थतन्त्रमा सुधार हुन्छ भने अर्कोतर्फ बेरोजगारहरूको जीवनशैलीमा सुधार हुन्छ ।

त्यसैले सरकारले यस्ता लोकप्रिय कार्यक्रमको साटो दीघर्कालसम्म प्रभाव पार्ने र अर्थतन्त्र सुधारका लागि उपयोगी हुने कार्यक्रमको शुरुआत गर्न आवश्यक छ । प्रधानमन्त्री रोजगारजस्ता कार्यक्रमको औचित्य पनि त्यतिबेला पुष्टि हुन्छ, जतिबेला यस्ता कार्यक्रमले समाजमा कुनै परिवर्तन गर्छन् र त्यसको प्रभाव दीर्घकालसम्म पार्छन् ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# कृषिको चर्चा र रोजगारीको अवस्था



अच्युतप्रसाद पौडेल

मुलुकमा कृषिक्षेत्रको रूपान्तरण आवश्यक छ र कृषि आधुनिकीकरण पनि । हाम्रो खाद्यान्नको मूल बाली धान, मकै, गहुँ, जौ र कोदो हो । जसमध्ये चामलको आयात अवस्था निकै उच्च छ । भारतबाट मात्रै चामलको आयात विगतको तुलनामा बढि नै रहेको छ । अर्बौं, करोडौं रकम बाहिरिएको छ यसैका लागि मात्र । पछिल्लो समय हामीकहाँ खेतीयोग्य भूमिमा धेरै कमी आएको छ । अव्यवस्थित सहरीकरण भनौं जग्गा प्लटिङ र भवन तथा बाटाघाटाहरूको वृद्धिको कारण करिब २ लाख हेक्टर बढी कृषियोग्य जमिनको क्षेत्रफल घटेको छ । सरकारले कृषिक्षेत्रमा बर्सेनि लगानी बढाएको छ, तर खाद्यान्न उत्पादन दर भने घट्दै आएको छ । चामल अपुग हुने क्रम बढ्दै गएको छ । लाखौं मे.टन चामल अपुग हुनु भनेको खाद्य सुनिश्चितता नहुनु हो र जसरी भए पनि विदेशबाट आयात गर्नुपर्ने अवस्था हो । कुल खाद्यान्नमा चामलले ५० प्रतिशत हिस्सा ओगटेको हाम्रो मुलुकमा कृषिक्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा ३३ प्रतिशतबराबरको योगदान पुऱ्याएकोमा अब केवल एक चौथाइमा खुम्चिएको छ । आव २०७८/०७९ मा मात्रै सोचेभन्दा १२ लाख मे.टन धानको उत्पादनमा कमी भयो । सरकारले ५ लाख बढी नेपालीहरूलाई कृषिक्षेत्रमा रोजगारी थप गर्ने कुरा धेरै पहिले बताएको थियो, तर कृषिक्षेत्र उक्सन सकेन । कृषिक्षेत्र सक्रिय हुने धेरै तत्वमध्ये रासायनिक मल पनि हो । विगतमा झैँ यस वर्ष पनि कृषिक्षेत्रलाई अत्यावश्यक भइसकेको रासायनिक मल समयमा उपलब्ध भएन । देशको श्रमशक्ति भने बिदेसिने क्रममा छ ।

### चालू आव र बजेट भाषण

सरकारले आव २०७९/०८० को बजेटमा नारा लिएको छ, उत्पादनमा वृद्धि : मुलुकको विकास र समृद्धि । कृषि आधुनिकीकरणका लागि कृषिकार्यमा आवश्यक पर्ने यन्त्र, उपकरण वा पार्टपुर्जा उत्पादन गर्ने कृषि औजार कारखाना स्वदेशमै खोल्न प्रोत्साहन गर्न ६ वर्षसम्म आयकर पूर्ण रूपमा छुटको व्यवस्था गरेको छ भने कृषक पेन्सन, कृषि बिमालगायत कम्तीमा २० करोड चुक्ता पुँजी रहने गरी कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने सहकारीलाई सरकारले चुक्ता पुँजीको ५ प्रतिशत र कम पुँजीगत अनुदान दिने भनेको छ । कृषिक्षेत्रको रूपान्तरण, उत्पादन वृद्धिको साथमा यसैबाट रोजगारी वृद्धि, निर्यात प्रवर्द्धन, आयात प्रतिष्ठापन, अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन र निरपेक्ष गरिबीको आयतन घटाउने लक्ष्य लिएको छ । त्यसका लागि धान, मकै, गहुँ, तरकारी, फलफूलको आयातमा न्यूनतम ३० प्रतिशतका दरले कम गर्ने, आउने आवमा निर्यात दोब्बर गर्दै समग्र आयातमा न्यूनतम २० प्रतिशत घटाउने र आउने ५ वर्षभित्र व्यापार सन्तुलन गर्ने विभिन्न योजनाहरू सरकारले लिएको छ । पेन्सन योजनाअन्तर्गत हरेक महिना किसानले जम्मा गर्ने रकमको १० प्रतिशत रकम सरकारले जम्मा गरिदिने, बीउ पुँजीको व्यवस्था, किसान परिचयपत्रको आधारमा किसानहरूलाई सार्वजनिक सेवामा सहुलियत तथा छुटको व्यवस्था मिलाइएको पनि भनेको छ । किसान हुनुमा आत्मसम्मान र गौरव वृद्धि गर्न किसानसँग सरकार कार्यक्रम सञ्चालन गर्ने भनेको छ ।

### निराश खेतीयोग्य भूमि र यस वर्षको रोपाइँ

मंसिरमा भकारी भर्न असारमा धान रोप्नुपर्छ, तर केही वर्ष यतादेखि हाम्रो असारे खेती बिग्रन थालेको छ । धान रोप्ने बेला भनौं धान दिवससमेत पर्ने असार महिनामा गत वर्ष ७६ प्रतिशत धान रोपिसक्दा पनि चामलको हाहाकार भएको थियो । ३० अर्ब ८२ करोडभन्दा बढीको चामल र धानसमेत गरी गत आवको ११ महिनामा ४५ अर्ब २९ करोड ७५ लाखभन्दा बढीको धान र यसको बीउसमेत झन्डै ५० अर्बको आयात गर्नुपरेको थियो । यसपालि मनसुन आशा गरिएको भन्दा एक साताअघि नै सुरू भए पनि मौसमकै प्रतिकूलताले गर्दा असारभित्र देशमा जम्म ६० प्रतिशत रोपाइँ बढ्न सकेन । तापमानको वृद्धि, उच्च खडेरी र खण्डवृष्टिले गर्दा समयमा धेरै भूभागमा धान रोप्न सकिएको छैन । हिउँदे बाली भित्र्याउने बेला र धानको बीउ छर्ने बेला भएको बढी वृष्टिले पनि समस्या थप्यो भने आकाशे पानीमा भर परिरहनुपर्दा सबैतिर सिँचाइको अभावमा यसपालि पनि अघिल्लो वर्षको भन्दा बढी समस्या खेप्नुपर्ने सम्भावना छ । रासायनिक मलको अभाव त राष्ट्रिय समस्या नै हो । डिएपी र युरिया दुवै थरी मलको अभाव छ देशमा । हरेक वर्ष उर्वर जमिन खुम्चिने प्रक्रियामा छ । पूर्वको १ नं. प्रदेशदेखि मधेस र पश्चिम अनि सुदूरपश्चिम क्षेत्रसम्मको अवस्था दयनीय छ । कतै रोपाइँ नै हुन सकेन भने कतै रोपेको बिरूवा मरे, सुके, जमिन धाँजा फाटे । सरकारले पूर्वको झापालाई धानको सुपर जोन घोषणा त गरेको छ, तर त्यहीँ प्राविधिक सहायकहरूको कमी, मल, बीउको अभाव, पानी सिँचाइको असुविधा छ । गत वर्ष प्रदेश १ मा ८०.१२ प्रतिशत रोपाइँ भइसकेको अवस्थामा यस वर्ष साउन २ गतेसम्म आइपुग्दा ७२ प्रतिशत मात्र रोपाइँ भएको देखिन्छ । मनसुनको गडबडीले त्यस क्षेत्रमा ८ लाख २६ हजार ६४६ हेक्टर खेतीयोग्य जमिनमध्ये ३ लाख ४० हजार ८ सय २९ हेक्टर जमिनमात्रै धान रोप्न योग्य मध्ये पनि मनसुनको गडबडीले ६७.७९ प्रतिशत जमिन भनौं २ लाख ३१ हजार २०४८ हेक्टरमा मात्र धान रोपाइँ भएको छ ।

तराई हाम्रो अन्नको भण्डार थियो, मधेस प्रदेशमा वन कम भए पनि धानयोग्य जमिन धेरै छ, तर यसपालिको तापमान अधिक रहेको र रोपेको धानबाली सुकेको अवस्थामा छ । यस प्रदेशका ८ जिल्लामा ५ लाख ५५ हजार २ सय १८ हेक्टर खेतीयोग्य जमिनमध्ये ४ लाख ५४ हजार ४ सय ५० हेक्टरमा मात्र रोपाइँ हुने गरेकोमा यस वर्ष असारसम्म १ लाख ५८ हजार २० हेक्टरमा मात्र रोपाइँ भएको छ, जब कि गत वर्ष यति बेलासम्म ७० प्रतिशत रोपाइँ भइसकेको थियो । पश्चिम तराईको अवस्था पनि उत्साहजनक छैन । कृषि मन्त्रालयकै भनाइमा पनि १५ लाख ४ हजार ४ सय ८६ हेक्र देशैभरिको धान रोपिने जमिनमध्ये जम्मा ८ लाख ९९ हजार ३ सय ३७ हेक्टरमा मात्र रोपाइँ भएको छ । विगत पाँच वर्षदेखि नै यसरी सुस्ताएको पनि कृषि मन्त्रालयकै भनाइ छ । सिँचाइ र मनसुनको अवस्थालाई नियाल्दा अब त छरेर उमार्ने छरूवा धानको बीउ खोज्दै बाली लगाउँदै गर्नुपर्ने अवस्था सिर्जना भएको कृषि वैज्ञानिकको भनाइ आउन थालेको छ ।

### बेरोजगारीको कारण विदेश पलायन

कोरोनाकालमा घटेको वैदेशिक रोजगारी फेरि बढ्न लागेको छ । खाडी तथा अन्य देशमा जाने नेपालीहरूको त्रिभुवन विमानस्थलको भीड बढी देखिन्छ । साबिकमा विदेशबाट फर्केकाहरू पनि धमाधम उतै फर्कन थालेका छन् । सरकारले यस वर्षको बजेटमा वैदेशिक रोजगारीबाट फर्केका नेपाली नागरिकलाई उनीहरूले आर्जन गरेको अनुभव, सीप र पुँजी लगानी गरी उत्पादन र स्वरोजगार क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुका साथै व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने, प्रदेशैपिच्छे बहुउद्देश्यीय तालिम केन्द्र स्थापना गर्ने भनेको छ र पनि विदेश पलायन हुन खोज्ने युवाहरू स्वदेशमा अलमलिन सकेको अबस्था छैन । आव २०७८/०७९ को तथ्यांक हेर्दा २ लाख २६ हजार ७ सयभन्दा बढी व्यक्ति वैदेशिक रोजगारीमा गएको वैदेशिक रोजगार बोर्डको तथ्यांक छ । आव २०७६/०७७ मा यो संख्या १ लाख ९० हजार ४ सय ५३ रहेको थियो भने आव २०७७/०७८ मा यो क्रम घटेर ७२ हजार ८१ जनामा सीमित देखिन्थ्यो । रोजगारी दिने सरकारी भनाइ र प्रयासमा विश्वस्त हुन नसकेको परिप्रेक्ष्यमा विदेश पलायान हुनेमध्ये मलेसियामा सबैभन्दा बढी ३०.०९ प्रतिशत, कतारमा २७.०४ प्रतिशत, साउदी अरेबियामा २०.१८ प्रतिशत, युएईमा १३.११ प्रतिशत, कुवेतमा ३.२५ प्रतिशत, बहराइनमा १.१९ प्रतिशत र ओमनमा ०.८१ प्रतिशत नेपाली रहेको बोर्डको अभिलेख छ । त्यस्तै दक्षिण कोरियामा ०.९ प्रतिशत, लेबनानमा ०.२९ प्रतिशत, इजरायलमा ०.१५ प्रतिशत, अफगानिस्तानमा ०.२८ प्रतिशत, जापानमा २.४२ प्रतिशत र अन्य देशमा १.८४ प्रतिशत रहेको छ ।

सरकारी नीति केवल नीतिमा सीमित छ, विगतमा झैँ सरकारले यस वर्ष पनि उत्पादनशील र मर्यादित रोजगारीको माध्यमबाट श्रम बजारमा प्रवेश गर्न योग्य जनशक्तिलाई रोजगारी क्षेत्रमा आफ्नो सम्भावनाको उच्चतम प्रयोग गर्न सक्ने बनाउन संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने भनेको छ । सबैको योग्यता, क्षमता र सीपको तथ्यांक अद्यावधिक गर्ने भनेको छ । कृषि तथा वन, पर्यटन, पूर्वाधार, सूचना प्रविधि, औद्योगिक र घरेलु तथा साना उद्योगक्षेत्रलाई रोजगारी सिर्जनाको स्तम्भका रूपमा विकास गरिने भनेको छ । तर, कृषिक्षेत्रमा खेतबारी बाँझै रहने क्रम बढेको छ । श्रम होइन, उत्पादनचाहिँ बिक्री हुनुपर्ने थियो तर देशमा ठीक उल्टो भएको छ । उत्पादन घट्दो छ । देशको ८ प्रतिशत मानव पुँजी बिदेसिएको अवस्था छ ।

*बाँकी पेज ३ मा*

# जतातते फैलिंदैछ हैजा, कसरी बच्ने ?



पूजा कुँवर

प्रत्येक वर्ष वर्षायामको सुरूवातसँगै नेपालमा प्रायः हैजाको प्रकोप देखापर्ने गर्दछ । यो वर्ष पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले असार २ गते काठमाडौं बागबजार बसोबास गर्ने एकै परिवारका दुई जनामा रूरूहैजाको संक्रमण पुष्टि गऱ्यो। शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालमा रिपोर्ट गरिएको पहिलो दुई हैजाका बिरामी एकै परिवारका थिए। प्रारम्भिक अनुसन्धानले धाराको पानी नउमाली पिउने गरिएको कारण संक्रमण भएको जनाएको छ। साउन ८ गतेसम्ममा कुल ३४ हैजाका घटनाहरू रिपोर्ट गरिएको छ ।

## नेपालमा हैजाको इतिहासलाई फर्केर हेर्दा

नेपालमा हैजा पहिलो पटक सन् १८२३ मा रेकर्ड गरिएको थियो। त्यसपछि काठमाडौं उपत्यकामा सन् १८३१, १८४३, १८५६, १८६२ र १८८७ मा महामारीको शृत्ला चलेको थियो। सन् २००९ मा सबैभन्दा ठूलो हैजाको प्रकोप (महामारी) नेपालको मध्य–पश्चिमी क्षेत्र जाजरकोटमा देखिएको थियो, जसमा ३० हजारभन्दा बढी मानिस प्रभावित भएका थिए भने ५०० भन्दा बढीको मृत्यु भएको थियो।
त्यसैगरी, सन् २०१४ को वर्षायाममा रौतहटमा फैलिएको महामारीमा ६०० भन्दा बढी मानिस संक्रमित भएका थिए ।

## हैजा रोग के हो ?

हैजा विषाक्त जीवाणु भिब्रियो कोलेरी serogroup O1 वा O139 संक्रमणबाट हुने एक तीव्र, पखालाजन्य रोग हो। भिब्रियो सूक्ष्म, ग्राम नकारात्मक (माइक्रोस्कोपमा हेर्दा गुलाबी रंगका), अल्पविराम आकारको ब्याक्टेरिया (जीवाणु) हो। अनुमानित रूपमा विश्वभर प्रत्येक वर्ष १३ लाखदेखि ४० लाख मानिस हैजाबाट संक्रमित हुन्छन् र २१ हजारदेखि १ लाख ४३ हजार मानिसले यसको कारण ज्यान गुमाउँछन् । नेपालमा करिब २० प्रतिशत मानिस हैजा संक्रमणको जोखिममा रहेको अनुमान गरिएको छ ।

## हैजाका लक्षण के के हुन् ?

- अकस्मात् र छिनछिनमा पानीजस्तो पातलो दिसा दिनमा २०–२५ पटक हुनु ।
- लगातार दिसा र वान्ता भइरहनु ।
- सुरूको अवस्थामा दिसा खैरो वा चौलानी रङ्को हुनु र पछि गएर दिसामा मासी तथा रगतको अंश देखिन थाल्नु ।
- लगातारको दिसा र वान्ताका कारण शरीरमा पानीको कमी हुन थाल्नु र मुख, घाँटी सुक्नु र तिर्खा लागिरहनु ।
- खुट्टाको दुखाइ ।
- बेचैनी वा चिड्चिडापन ।

## हैजा कसरी एक व्यक्तिबाट अर्कोमा सर्छ?

प्रारम्भिक अनुसन्धानले धाराको पानी नउमाली पिउन प्रयोग गरिएको कारण संक्रमण भएको जनाएको छ। साउन ८ गतेसम्ममा कुल ३४ हैजाका घटना रिपोर्ट गरिएको छ ।

हैजाका बिरामीले चौलानी पानीजस्तो दिसा गर्छन्, जसमा धेरै संख्यामा हैजाका कीटाणुहरू रहेका हुन्छन्। स्वस्थ व्यक्तिमा दूषित खाना वा पानी (हैजाका कीटाणु मिसिएको) को माध्यमबाट हैजाका कीटाणु शरीरमा (आन्द्रामा) प्रवेश गर्छन् । दूषित खाना वा पानी खाएको १२ घण्टादेखि ५ दिनसम्ममा रोगको लक्षण देखा पर्छ ।

अपर्याप्त पानी प्रशोधन, कमजोर वा अपर्याप्त सरसफाइ भएका ठाउँहरूमा हैजा हुने र फैलिने सम्भावना बढी हुन्छ । यद्यपि, रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सीधै सर्ने सम्भावना नहुने हुँदा संक्रमित व्यक्तिसँगको प्रत्यक्ष सम्पर्क सक्रमणको जोखिमको कारक भने र हँदैन ।

## हैजा रोग कति गम्भीर छ ?

हैजाका विरामीहरूको समयमै उपचार गरिएको खण्डमा बिरामीहरू सामान्यतया दीर्घकालीन परिणाम विना नै निको हुन्छन्। हैजाका बिरामीहरू निको भइसकेपछि सामान्यतया हैजाको ब्याक्टेरियाको वाहक बन्दैनन्, तर फेरि सम्पर्कमा आएमा भने बिरामी हुन्छन् ।

हैजाले बालबालिका र वयस्क दुवैलाई असर गर्छ र उपचार नगरिए ज्यान समेत लिन सक्छ । गम्भीर हैजा भएका व्यक्तिहरूमा गम्भीर निर्जलीकरण विकास हुनसक्छ, जसलाई यदि समयमै उपचार नगरिएमा, झट्का, कोमा र घण्टा भित्र बिरामीको मृत्यु हुन सक्छ। करिब १० मध्ये १ हैजाका बिरामीमा गम्भीर लक्षण विकास हुन्छ ।

## हैजा कसरी परीक्षण गर्ने ?

दिसाको नमूना वा रेक्टल स्वाब लिइन्छ र प्रयोगशालामा (दिसा कल्चर गरेर) भिब्रियो कोलेराको पहिचान गरिन्छ ।

## कसरी गरिन्छ हैजाको उपचार ?

पखालालाग्दा खेर गएको तरल पदार्थ र लवणलाई तत्काल प्रतिस्थापन गरेर हैजाको सरल र सफलतापूर्वक उपचार गर्न सकिन्छ। बिरामीहरूलाई ओरल रिहाइड्रेशन सोलुसन (ओआरएस), चिनी र नुनको पूर्व प्याकेज गरिएको मिश्रणलाई १ लिटर पानीमा मिसाएर पटकपटक गरी धेरै मात्रामा पिउने विधिद्वारा उपचार गरिन्छ। गम्भीर अवस्थामा नसामा तरल पदार्थ प्रतिस्थापन आवश्यक पर्दछ। तुरून्त उपयुक्त तर लपदार्थ प्रतिस्थापन (रिहाइड्रेशन) गरिएमा हैजाका बिरामीहरूमध्ये एक प्रतिशतभन्दा कमको मृत्यु हुन्छ ।

एन्टिबायोटिक्सले रोगको गम्भीरता घटाउँछ, तर यो रिहाइड्रेशन जत्तिकै महत्वपूर्ण भने हुँदैन । गम्भीर पखाला र बान्ता भएका हैजाका बिरामीहरूले तुरून्त स्वास्थ्य संस्था गई चिकित्सकको सल्लाह बमोजिम उपचार गर्नुपर्छ ।
५ वर्ष मुनिका बच्चाहरूको लागि भने जिंकले एक महत्वपूर्ण सहायक थेरापीको काम गर्छ। यसले पखालाको अवधिलाई कम गराई तीव्र पखालाको अन्य कारणहरूलाई समेत रोक्न मद्दत गर्छ ।

## हैजा रोकथामका उपाय के-के हुन् ?

- स्वच्छ, सफा, उमालिएको वा निर्मलीकरण गरिएको पानी मात्र पिउने ।
- साबुनपानीले राम्ररी मिचीमिची हात धुने ।
- शौचालयमा मात्र दिसापिसाब गर्ने, खानेपानीको स्रोत वरिपरि दिसापिसाब नगर्ने ।
- खानेकुरा राम्ररी पकाएर मात्र खाने, काँचो खानेकुरा र सलाद राम्ररी सफा गरेर मात्र खाने ।
- भान्साकोठा र शौचालयको सरसफाइमा विशेष ध्यान दिने ।
- हैजाको बिरामीको दिसा उचित रूपमा व्यवस्थापन गर्ने र बिरामीको हेरचाह गर्ने व्यक्तिले आफ्नो शारीरिक सफाइमा विशेष ध्यान दिने ।

## हैजा कसरी नियन्त्रण गर्ने ?

हैजा नियन्त्रण गर्न र मृत्यु घटाउनको लागि बहुआयामिक दृष्टिकोण महत्वपूर्ण छ । यसका लागि निगरानी, स्वच्छ रूरूपानी, सरसफाइ र स्वच्छता, सामाजिक परिचालन, उपचार र मौखिक हैजा खोपहरूको संयोजन प्रयोग गरिन्छ ।

हाल तीनवटा डब्लुएचओ पूर्व–योग्य मौखिक हैजा खोपहरू (ओसीभी) उपलब्ध छन् (Dukoral®, Shanchol™, र Euvichol–Plus®) । तीनवटै खोपहरूलाई पूर्ण सुरक्षाको लागि दुई डोज दिइन्छ ( डब्लुएचओ)। हैजाको प्रकोप नियन्त्रण गर्न र हैजाको उच्च जोखिम मानिने क्षेत्रहरूमा रोकथामका लागि पानी र सरसफाइमा सुधारको संयोजनमा ओरल हैजा खोपहरू प्रयोग गर्नुपर्छ। हैजा खोपले पूर्ण सुरक्षा प्रदान नगर्ने भएकाले खोपलाई कहिल्यै पनि मानक रोकथाम र नियन्त्रण उपायको रूपमा लिइनुहुँदैन (सीडीसी)।

एन्टिबायोटिकको प्रयोगलाई भने सिफारिस गरिएको छैन किनकि यसले हैजा फैलन नदिन कुनै भूमिका निर्वाह गर्दैन बरू एन्टिमाइक्रोबियल प्रतिरोध विकास गराउन सक्छ ।

आर्थिक विकास, सुरक्षित पिउने पानी र पर्याप्त सरसफाइले मात्र हैजा नियन्त्रणको दीर्घकालीन समाधान सम्भव छ ।

*(कुँवर त्रिभुवन विश्वविद्यालय, केन्द्रीय विभागको मेडिकल माइक्रोबायोलोजीकी विद्यार्थी हुन् ।)*
- इमेल प्राप्त

# कृषिको चर्चा र... .. .

र अन्त्यमा,

विदेशबाट खाद्यान्नको आयात, हाम्रो यथार्थ व्यापार घाटा र बढ्दो जनशक्ति विदेश पलायनलाई हेर्दा लामो समयदेखिको कृषिक्षेत्रमा भएको लगानी खेर गएको देखिन्छ । खाद्यसंकटको समस्या समाधान गर्न पनि उत्पादन वृद्धि नै गर्नुपर्ने हुन्छ । मुलुकमा कृषि वस्तुको आयात बर्सेनि बढेको छ । किसानहरूले समयमा रासायनिक मल, यन्त्र, औजार र सर्वसुलभ प्राविधिक सल्लाह पाउन सके, उन्नत बीउ, कृषि जैविक विविधताको संरक्षण, जलवायु परिवर्तनको अनुकूलन प्रविधिमा पहुँच पुग्न सके उत्पादनमा वृद्धि हुन सक्छ । अनियन्त्रित विषादीको कारण माटोको उर्वरा शक्तिमा कमी आएको छ र मानव स्वास्थ्य थप जोखिममा छ अहिले । कडा रोगको कारण मानव स्वास्थ्य र हाम्रा जीव जन्तुहरू थप असुरक्षित छन् । मानव हितकारी पशुपन्छी एवं अन्य वनस्पति, जलचरहरूको अवस्था बिग्रँदो छ । खाद्य असुरक्षित क्षेत्रमा फलफूल खेती, पशुपालन, व्यावसायिक प्रशोधन कार्य, कृषिजन्य उद्योगहरूको सञ्चालनजस्ता कार्यमा पनि हामी पछि परिसकेका छौँ । खाद्यान्नको भण्डारण, बचत क्षमताको वृद्धि, स्टक राख्ने व्यवस्था, सर्वसुलभ आपूर्ति र बजारीकरण, मूल्य स्थिरीकरण, बजार भाउको नियन्त्रणतर्फ पनि हामीले गम्भीर रूपमा सोच्न सकेका छैनौँ । कुल गार्हस्थ्य उत्पादनको औसत वृद्धिदर ६ प्रतिशत पुऱ्याउने, गरिबी न्यूनीकरण गर्दै कृषि र वन क्षेत्रको भूभाग बढाउने र खाद्य तथा पोषण सुरक्षालाई प्राथमिकता दिई ग्रामीण क्षेत्रको आर्थिक वृद्धि गर्ने र जीवनस्तरमा सुधार ल्याउन कृषिक्षेत्रलाई थप भरपर्दो, व्यवस्थित बनाउन ढिलो भइसकेको छ ।






जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

जन

# दामनमा 'सेरेमोनियल प्लान्टेशन' अभियान शुरू

◆ विकास संवाददाता

मकवानपुरको वनस्पती उद्यान दामनमा वातावरण संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले सेरेमोनियल प्लान्टेशनु अभियान शुरू भएको छ । कुनै पनि अवसर तथा उत्सवमा वा कसैको स्मृतिमा गरिने रूख रोपाई कार्यलाई नै 'सेरेमोनियल प्लान्टेशन' भनिन्छ ।

यस्तो अभियान यसअघि वि.सं. २०७७ सालबाट मकवानपुरकै वृन्दावन वनस्पती उद्यानमा शुरू गरिएको थियो । दामनमा स्थानीय छात्रा युडेन शेर्पाको जन्मोत्सवको अवसरमा यस अभियान प्रारम्भ गरिएको हो । उनले जन्मदिन रूख रोपेर बनाए । वृक्षरोपण गर्ने, वातावरणमैत्री कार्यक्रमहरूलाई बढवा दिन यस किसिमको अभियानले सघाउ पुग्ने वनस्पती उद्यान दामनका सहायक प्रमुख सागिर हुसेनले बताए ।

'रूख रूपौं हरियाली बढाऔं' जस्ता नाराहरूलाई साकार बनाउन र मानिसहरूलाई आफुले मन परेको रूखबिरूवा रोप्न पाउदा खुसी हुने सहायक प्रमुख हुसेनको प्रतिक्रिया रहेको छ ।

# थाहानगरमा मकै बालीमा फैजी किराको प्रकोप

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका किसानले लगाएको रोपेको मकै बालीमा फैजी किराको प्रकोप शुरू भएको छ ।

थाहा नगरपालिका वडा नम्बर १ को ओखरबजार नजिकैको मकै बालीमा फौजी किराले अक्रमण गरेको स्थानीय किसान कृष्णमान श्रेष्ठले बताए ।

उनले फेसबुक स्टाटसमा फोटो पोष्ट गर्दै लेखेका छन्–'फेरि उहीं समस्या । थाहानगरमा फौजी किराको प्रकोप बढ्यो । यति अग्लो बोटमा कसरी नियन्त्रण गर्न सकिन्छ ?'

# राक्सिराङ गाउँपालिकाका नवजात शिशुमा धनुष्टंकार रोग भेटियो

◆ विकास संवाददाता




मकवानपुरको राक्सिराङ गाउँपालिकाका नवजात शिशुमा धनुष्टंकार रोग पाइएको छ । चितवनको भरतपुरमा अस्पतालमा उपचारका लागि आएका नवजात शिशुमा यस्तो रोग देखिएको उपचारमा संलग्न चिकित्सकहरूले बताएका छन् । एक वर्षको अवधीमा चार जना नवजात शिशुमा धनुष्टंकार देखिएको अस्पतालको एनआईसीयू विभागका प्रमुख बालरोग विषेशज्ञ डा.ओमकृष्ण पाठकले जानकारी दिए । अहिले पनि अस्पतालमा एक शिशुको एनआईसीयूमा उपचार भैरहेको छ ।

डा. पाठकका अनुसार नवजात शिशुमा लाग्ने धनुष्टंकार रोग निकै खतर नाक मानिन्छ । आमा गर्भवती हुँदा टिटानस विरूद्धको सुई नलगाउँदा तथा शिशु जन्मेपछि सालनाल काट्दा खिया लागेको हतियारले काट्दा वा काटेको ठाउँमा माटो तथा गोबर लगाउँदा यस्तो समस्या आउने देखिएको डा. पाठकले बताए ।

उनका अनुसार नवजात शिशु जन्मिएको २४ घण्टापछि यस्तो समस्या देखिने बताए । 'बच्चाले आमाको दूध खान छाड्ने, रोएको रोयैं गर्ने, झस्किने, कम्पन आउने, कक्रक्क पर्ने जस्ता लक्षणहरू देखिन्छन्' डा. पाठकले भने, 'दिमागदेखि सबैतिर यसको असर देखिन्छ, हल्ला नहुने बत्तिको प्रकाश कम भएको विषेश ठाँउमा भेन्टिलेरमा हालेर राख्नुपर्ने अवस्था पनि आउन सक्छ ।' कक्रक्क परेको शरिरलाई लुलो बनाउँदा सास फेर्न गाह्रो हुने भएकोले उपचार गर्दासमेत विषेश ख्याल गर्नुपर्ने डा. पाठकको भनाइ छ ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले सुत्केरी आमा पोशिलो खाना कार्यक्रम गाउँपालिकाले विगतदेखि नै चलाउँदै आएको बताए । 'नियमित खोप लगायतका कार्यक्रम हरेक वडा वडामा लगेका छौं, केही महिलाहरूमा परिवारमा अझै पनि खोप प्रतिको नराम्रो धारणा भएकोले खोप लगाउन आउँदैनन्' अध्यक्ष मल्लले भने, 'पहिलाको भन्दा धेरै सुधार भएको ठानेको छु ।'

उनले नियमित खोप लगाउने र बथिङ सेन्टरमा सुत्केरी गराउने महिलालाई गाउँपालिकाको तर्फबाट पोषण भत्तासमेत दिने गरेको बताए । पोसिलो खाना कार्यक्रमका लागि सुत्केरी हुने महिलालाई पाँच हजार रूपैयाँ गाउँपालिकाले उपलब्ध गराउँदै आएको छ । उनले स्वयम् सेविकामार्फत खोप सम्वन्धी सचतेनामूलक कार्यक्रम यसवर्ष पनि प्राथमिकतामा राखिएको जानकारी दिए ।

'पहिलाको भन्दा ९० प्रतिशत सुधार भएको देख्छु' पालिका अध्यक्ष मल्ल भन्छन्, 'पहिला पहिला बिरामी हुँदा ढ्यांग्रो बजाउने अवस्था थियो, अहिले सचेतना बढेको छ ।' राक्सिराङ गाउँपालिकाको वडा नं. ६ र ७ मा अझै पनि स्वास्थ्य चेतनामा समस्या रहेको अध्यक्ष मल्लले बताए ।

# भीमफेदीमा बसाइँ सरेर आउनेको संख्या जानेचभन्दा तीनगुणा कम

◆ विकास संवाददाता



मकवानपुरको भीमफेदी गाउँपालिकामा बसाइँसरी आउनेभन्दा पालिकाबाट बसाइँसरेर जानेको संख्या तीनगुणा बढी रहेको तथ्याङ्क सार्वजनिक भएको छ । आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्कअनुसार गाउँपालिकामा बसाइँसरी आउने परिवार संख्या २९ र हेको छ भने गाउँपालिकाबाट बाहिरिनेको संख्या ९२ रहेको छ ।

यसरी पालिकाबाट चालु आवमा २९ परिवारका १ सय ४४ भित्रिदा ९२ परिवारका ३ सय ५० नागरिक बाहिरिएका छन् । गाउँपालिकाको ग्रामीण भेगबाट बसाइँसरी जानेको संख्या अत्यधिक र हेको गाउँपालिकाका सूचना अधिकारी बद्री सापकोटाले जानकारी दिएका छन् । पालिका केन्द्रमा वर्षभरिमा पालिका बाहिरबाट २९ परिवार आए पनि गाउँपालिकाबाट ९२ परिवार बाहिरिएका छन् । पालिकाभित्रै पनि ग्रामीण क्षेत्रबाट पालिका केन्द्र र आसपास बसाइँ सर्ने क्रम अत्यधिक रहेको उनले बताएका छन् ।

भीमफेदी गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार गाउँपालिकामा चालु आवमा विभिन्न प्रकारका एक हजार ३ सय ७७ घटना दर्ता भएका छन् । उपलब्ध विवरणअनुसार पालिकामा ३ सय ११ बालकको र ३ सय ४४ बालिकाको जन्मदर्ता भएको छ ।

त्यस्तै १ सय २२ पुरूषको र ८७ महिलाको मृत्यु दर्ता भएको पालिकाले जनाएको छ । पालिकामा चालु आवमा ३ सय ६५ विवाह दर्ता गरिएकामा २७ सम्बन्धविच्छेदका घटना दर्ता भएका छन् ।

# बेरुजू घटाउने उपाय खोज्दै मनहरी

◆ विकास संवाददाता

निरन्तर बेरूजु बढिरहँदा पनि बेरूजु घटाउने र असुल उपरलाई कडाई गर्ने बिषयमा निरिह देखिएको मनहरी गाउँपालिकामा यसपटक बेरूजु घटाउनका लागि नव निर्बाचित जनप्रतिनिधिले ध्यान दिएका छन् ।

संवैधानिक हिसावले संघीय संसदमा झैं मनहरी गाउँपालिकाले पनि लेखा समिति निर्माण गरी बेरूजु फरफारक गर्ने कार्यलाई ध्यान दिएको छ । असार १७ गते बिहान बसेको कार्यपालिका बैठकमा बेरूजु फरफारक गर्ने र बेरूजुको अंक घटाउनका लागि अधिकतम प्रयत्न गर्नेबारे मसिनो छलफल भएको प्रमुख प्रशासकीय अधिकृत मोहन कुमार श्रेष्ठले जानकारी दिए ।

उनले गाउँ सभाले गंगा सुनारको संयोजकत्वमा लेखा समिति गठन गरी बेरूजु फरफारक गर्ने र असुल गर्नुपर्ने र कमको असुलीका लागि पहल गर्ने प्रयत्न भइरहेको बताए । सुनारको संयोजकत्वमा आइतसिंह स्याङ्तान र पन्चलाल थिङ सदस्य तथा गाउँपालिकातर्फबाट आन्तरिक लेखा परिक्षक दिपेश महतो सदस्य सचिव हुने गरी समिति गठन भएको थियो ।

समितिले बेरूजु कायम भएका व्यक्ति, फर्म, संस्था र उपभोक्ता समितिका पदाधिकारीहरूलाई बोलाएर बेरूजु फरफारकका लागि आवश्यक कागजपत्रलाई पूर्णता दिन पहल र सहजीकरण गर्ने तथा असुल उपर गर्नुपर्ने व्यक्तिहरूलाई समेत सम्पर्कमा ल्याउने गरी काम गरि रहेको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए । मनहरी गाउँपालिकामा पछिल्ला तीन बर्षयता बेरूजु ३० करोडको हाराहारीमा पुगेको बताइएको छ ।

त्यसैगरी कार्यपालिका बैठकले राजश्व परामर्श समिति सञ्चालनसम्बन्धी कार्यविधि पारित गरेको छ । बैठकमा एघारौं गाउँ सभाको अन्तिम बैठक असार २३ गते बस्ने र बिनियोजन बिधेयक (बजेट) पारित गर्नेगरी तयारी समेत गरेको छ ।




कार्यपालिका बैठकमा उपस्थित कार्यपालिका सदस्यहरूले यसअघिका ३ वटा कार्यपालिका बैठकले गरेको निर्णयहरूको समेत मसिनो समिक्षा गरेको थियो । यसअघिका बैठकहरूको निर्णयहरू कार्यान्वयनको अबस्था मूल्यांकन गर्दै आगामी दिनहरू अझ उत्साहका साथ अघि बढ्नेगरी कार्यपालिका बैठकमा जनप्रतिनिधिहरू प्रस्तुत हुनु भएको गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले बताए ।

'हामीले निर्णय गर्ने मात्र होइन, गरेका निर्णयहरू कार्यान्वयन भयो कि भएन भनेर हेरेनौं भने निर्णय गर्नुको अर्थ हुन्न', अध्यक्ष कालाखेतीले भने– 'जनतामाझ देखिने, सुनिने र भेटिने काम गर्नेगरी अघि बढेका छौं ।'



# थाहानगरको जनकल्याण माविमा असार ३० र ३१ गते 'शैक्षिक मेला'

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको जनकल्याण माविले थाहानगरभित्र रहेका विद्यार्थी माझ शैक्षिक ज्ञान आदानप्रदान गर्ने उद्देश्यले 'जनकल्याण प्रथम शैक्षिक मेला २०७९' आयोजना गर्ने भएको छ। जनकल्याणले ३० र ३१ असारमा उक्त मेला आयोजना गर्न लागेको हो।

थानाबजार स्थित गंगा होटलमा आयोजित शैक्षिक मेला पुर्व तयारी तथा प्रचारप्रसार सहयोगका लागि आयोजित कार्यक्रममा जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीले शैक्षिक मेलाको विषयमा जानकारी गराएका हुन्। थाहा नगरको सामुदायिक तथा निजि विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधि र पत्रकारबीच भएको छलफलमा आयोजक विद्यालयका प्रधानाध्यापक सानोभाई कार्कीले अन्तर विद्यालय स्तरमा शैक्षिक प्रदर्शन गरेर नगरका विद्यार्थीहरू माझ शैक्षिक ज्ञान आदानप्रदान गर्न सहज हुने बताए। उनले मेलाले नगर भित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर मापन गर्ने तथा विद्यार्थीको क्षमता विकास र समग्र थाहानगरको शैक्षिक विकासमा कोशेढुङ्गा सावित हुने उल्लेख गरे।

नगरभित्र रहेका सामुदायिक तथा निजि विद्यालयमा अध्ययन गर्ने विद्यार्थी, शिक्षक, अभिभावकहरूलाई शैक्षिक मेलामा सहभागी हुन आग्रह गरे। उनले एसइई दियर बसेका विद्यार्थीहरूको उच्च शिक्षा अध्ययन गर्दा विषय छनौट तथा द्विविधाको अन्त गर्दै विद्यार्थी तथा अभिभावकले आफनो क्षमता अनुसारको बिषय छनौट गरी नगर भित्रै रहेको विद्यालयमा अध्ययन गर्न मेलाले अभिप्रेरित गर्नुपर्ने बताए।

भेलामा सहभागी विद्यालयका प्रतिनिधिहरूले नगरभित्र विभिन्न प्राविधिक बिषय पढाउने विद्यालय भएतापनी उचित प्रचारप्रसार नहुदा नगरमै अध्यापन हुने बिषय पढ्न पनि नगर बाहिर जाने प्रथा रहेको बताए। शैक्षिक मेलाले नगरका विद्यार्थी नगरमै रहेर पढ्ने वातावरण मिल्ने धाराणा राखे।

जनकल्याणको प्रागनमा हुने शैक्षिक मेलामा एसइई दिएर बसेका विद्यार्थीहरूलाई शैक्षिक परामर्श, कक्षा ११ मा भर्ना हुने विद्यार्थीलाई विशेष छुटको व्यबस्था, विज्ञान, बालीबिज्ञान, व्यवस्थापन, शिक्षा, मानविकी र कृषि तहको डिप्लोमाको छुट्टाछुट्टै संकायको शैक्षिक परामर्श तथा विज्ञान प्रदर्शन र प्रतियोगिता हुने साथै नगरभित्र रहेका विद्यालयहरूको स्टल समेत रहने आयोजक जनकल्याण माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक मनोज रायमाझीले बताए।

# थाहानगर १० नम्बर वडाका अगुवा किसानलाई तालिम




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको अगुवा किसानहरूका लागि एक दिने अगुवा कृषक तालिम भएको छ।

थाहा नगरपालिका कृषि विकास शाखाको आयोजनामा विषाधी तथा कृषक समूह व्यवस्थापनको विषयमा ११ असारमा विसिङ्खेलमा तालिम भएको हो। तालिममा थाहा नगरपालिका वडा नम्बर १० को न्हुलगाउँ, विसिङ्खेल, टौखेल, क्षेत्रका अगुवा कृषकहरू तथा विषाधी पसलका संचालहकहरू लगायतको सहभागीता रहेको थियो। सहभागी किसानहरूलाई थाहा नगर पालिका कृषि विकास शाखा अन्तर्गत वडा नम्बर १० की कृषि प्राविधिक कमला सुवेदीले सहजीकरण गरेकी थिइन्।

वडा नम्बर १० वडा सदस्य उत्तम गोपालीको उपस्थितीमा भएको तालिम कार्यक्रम आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम संचालन गरिएको थाहा नगरपालिका कृषि विकास शाखाले जनाएको छ।

**यसैबीच** मकवानपुर थाहा नगरपालिकाको अगुवा किसानहरूका लागि एक दिने अगुवा कृषक तालिम भएको छ।

थाहा नगरपालिका कृषि विकास शाखाको आयोजनामा विषाधी प्रयोग न्युनीकरण तथा कृषक समूह व्यवस्थापनको विषयमा १२ असारमा कलाँटूमा तालिम भएको हो। तालिममा थाहा नगरपालिका वडा नम्बर १० को कलाँटू र सोसिन्डोलका क्षत्रेका अगुवा कृषकहरूको सहभागीता रहेको थियो। सहभागी किसानहरूलाई थाहा नगर पालिका कृषि विकास शाखा अन्तर्गत वडा नम्बर १० की कृषि प्राविधिक कमला सुवेदीले सहजीकरण गरेकी थिइन्।

वडा नम्बर १० वडा अध्यक्ष हिरा बहादुर गमालको उपस्थितीमा भएको तालिम कार्यक्रम आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम संचालन गरिएको थाहा नगरपालिका कृषि विकास शाखाले जनाएको छ।

# 'मोहिनी झरना' प्रवर्द्धन गर्न थाहानगरले बजेट छुट्यायो

◆ विकास संवाददाता

मकवानपुरको प्रसिद्ध पर्यटकीय गन्तव्य 'मोहिनी झरना' प्रवर्द्धनका लागि थाहा नगरपालिकाले बजेट विनियोजन गरेको छ।

जिल्लाको पर्यटकीय क्षेत्र थाहानगर को दामन र इन्द्रसरोवर ताल हुँदै पुग्न सकिने 'मोहिनी झरना' प्रवर्द्धन गर्न आर्थिक वर्ष २०७९/०८० का लागि बजेट व्यवस्था गरिएको थाहा नगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष विष्णु बहादुर गुरूङले जानकारी दिए।

प्राकृतिक रूपमै मनमोहक, 'मोहिनी झरना' मा आन्तरिक तथा बाह्यि पर्यटकहरूको घुइँचो लागेसंगै यसको प्रवर्द्धन आवश्यक भएको अध्यक्ष गुरूङले जानकारी दिए। अध्यक्ष गुरूङले 'मोहिनी झरना' घुम्न आन्तरिक तथा बाह्यि पर्यटकहरूलाई अनुरोध गर्दै यसको प्रवर्द्धन, प्रचार तथा व्यवस्थापनमा सहयोग गर्न अपील समेत गरेका छन्।

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको वडा नम्बर १ मार्खुबाट र थाहा नगरपालिकाको दामन तथा किटेनी रूप्से सडकबाट समेत उक्त झरनामा पुग्न सकिन्छ।



# पालुङ प्रहरीले बरामद गरेको ४ सय २२ किलो गाँजा जलायो

◆ विकास संवाददाता

इलाका प्रहरी कार्यालय पालुङको टोलीले मकवानपुर थाहानगरमा ८ जेठमा बरामद गरिएको ४ सय २२ किलो लागू औषध गाँजा डेढमहिना पछि नष्ट गरेको छ।

पालुङ प्रहरीले २१ असारमा इलाका प्रहरी कार्यालय नजिक खोलाकिनारमा थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र रायमाझी, स्थानीय र सञ्चारकर्मीको रोहवरमा सो गाँजा जलाएको हो। प्रहरी निरीक्षक दुर्गा खनालको नेतृत्वमा गएको प्रहरी टोलीले जेठ ८ गते राती थाहा नगरपालिका ३ घर्तिखोलामा रोकिराखेको ना ६ ख ३२४३ नम्बरको मिनी टूकमा सो परिमाणमा गाँजा बरामद गरेको थियो।

ट्रकमा कोहि पनि नभएको अवस्थामा २८ पोका गाँजा फेला पारेका थिए। अनुसन्धानका क्रममा सो गाँजा कसले ल्याएका हुन् भन्ने एकिन भइसकेको छैन। हालसम्म टूक धनी समेत प्रहरीको सम्पर्कमा आइनसकेको प्रहरी निरीक्षक खनालले बताए। खनालले भने-'मुद्दा अनुसन्धानको क्रममा छ।'

# थाहानगरमा कर्मचारी तह वृद्धि खुल्यो

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले पालिकाका कर्मचारीहरूको तह वृद्धि गर्ने भएको छ। थाहा नगरपालिकामा नियुक्ति भई वा समायोजन भएका कर्मचारीहरूको तह वृद्धिका लागि पालिकाले २२ असार मा सूचना प्रकाशन गरेको हो।

बागमती प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७८ को दफा ९ उपदफा (२) तथा दफा ३० बमोजिम तह वृद्धि गरिने बढुवा पदपूर्ति समितिका सदस्य सचिव अजित घिमिरेले जानकारी दिए। थाहाले ७ दिनको म्याद राखेर सूचना प्रकाशन गरेको हो।

# भ्यालिहार्ट एकेडेमीको विद्यार्थीमाझ कार्यशाला गोष्ठी

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको पालुङ भ्याली हार्ट एकेडेमीले १८ असारमा कार्यशाला गोष्ठी सम्पन्न गरेको छ।

होटल पाइनसमा भएको गोष्ठीमा स्कुलका विभिन्न विभागीय क्याप्टेनहरू र सदन शिक्षकहरूको सहभागिता थियो। गोष्ठीमा विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता निर्माण गर्दै क्याप्टेन तथा सदन शिक्षकहरूको दैनिक भूमिकाका विषयमा छलफल भएको थियो।

विद्यालयका प्रिन्सिपल सुरेन्द्रमान प्रधान, विद्यालय संयोजक सरू पौडेल, शिक्षक संयोजक पर्वत राज सेवा, अफ्रिकन शिक्षक गर्चवेन एर्भोन म्याथुले सहजीकरण गरेका थिए।

गोष्ठीमा क्याप्टेन र सदन शिक्षकसहित २७ जनाको सहभागिता थियो।

# *ग्रील तथा स्टील व्यवसायी संघको अध्यक्षमा श्रेष्ठ*

◆ विकास संवाददाता

मकवानपुर ग्रील तथा स्टील व्यवसायी संघ उत्तरी समितिको अध्यक्षमा निरञ्जन श्रेष्ठ चुनिएका छन्।

१८ असारमा होटल शंकरमा भएको उत्तरी मकवानपुरका ग्रील तथा स्टील व्यवसायीहरूको भेलाले श्रेष्ठलाई अध्यक्षमा चयन गरेको हो। समितिको उपाध्यक्षमा सुवाष गोपाली, सचिवमा मधु विश्वकर्मा, कोषाध्यक्षमा कुमार गोपाली चुनिएका छन्।

समितिको सदस्यहरूमा कमल सुनार, मङ्गल गोपाली र राजन गोपाली चुनिएका छन्। समितिको सल्लाहकारमा जिल्ला सदस्य विजय श्रेष्ठ चुनिएका छन्।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं। जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्। जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो। बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।

जंगली च्याउहरू विषालु पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेको च्याउ मात्र खाने गरौं।
अमूल्य जीवन सुरक्षित गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

कण्डम






- कण्डम गर्भान्तरको लागि पुरुषले प्रयोग गर्ने परिवार नियोजनको एक मात्र अस्थायी साधन हो। यो प्रत्येक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले प्रयोग गर्नुपछ।
- घर भन्दा बाहिर कामकाज गर्ने व्यक्ति घर फर्कदा अनिच्छित गर्भ रहनबाट रोक्न कन्डम एक सरल उपाय हो।
- यसले गर्भ निरोध र एच. आई.भी तथा यौन रोगको संक्रमणबाट पनि बचाउछ। कण्डमले दोहोरो सुरक्षा प्रदान गर्छ।
- यो प्रयोग गरिसकेपछि उचित ठाउँमा व्यवस्थापन गर्नुपर्छ।
- नजिकको स्वास्थ्य संस्था साथै आफ्नो वडाको महिला स्वास्थ्य स्वयंमसेविकाबाट पनि निःशुल्क उपलब्ध हुन्छ।
- यदि यौन सम्पर्कको बेला कण्डम फुटेमा चाडो भन्दा चाडो १२० घण्टाभित्र आकस्मिक गर्भ निरोधकको उपाय अपनाउनु पर्छ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

नगरौं विवाहका कुराः भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो। बालविवाह नगरौं, नगराऔं।




बालविवाह कानूनी रुपमा दण्डनीय छ। कानूनको पालना गरौं/ गराऔं।
बालविवाह अन्त्य गरौं।




बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं।
बालविवाह गरी घरेलु हिंसामा नफसौं।

"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ। बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं। बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं।